## सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको सातौं अधिवेशनको पहिलो बैठकमा २०८२ साल आषाढ ८ गते आइतवार अध्यक्ष श्री मनोज राईद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

## सहिदभूमि गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिप्ले, धनकुटा
## कोशी प्रदेश, नेपाल

## उपस्थित गाउँसभा सदस्यज्यूहरु,

सहिदभूमि गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्थानीय तहको दोस्रो गाउँसभाको सातौं अधिवेशनमा यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

सर्वप्रथम म विभिन्न कालखण्डमा देश र जनताको निमित्त विभिन्न लोकतान्त्रिक जनअन्दोलनमा सहादत प्राप्त गर्नुहुने सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवम् सम्मान अर्पण गर्दछु ।

हामी नेपालको संविधानले अवलम्वन गरेको तीन तहको संङ्घीय शासन प्रणालीको अभ्यासमा रहेका छौं । संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सहअस्तित्वपूर्ण शासकीय व्यवस्थालाई आत्मसाथ गर्दै समतामुलक र समावेशी विकास प्रकियामा तीन वटै सरकारले मिलेर कार्य गर्नु आजको प्रमुख आवश्यकता रहेको छ ।

नागरिकको विकासप्रतिको उत्कृष्ट चाहनालाई सिमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमबाट परिपूर्ती गर्ने अभिलासाका साथ यो सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकारको रुपमा दोस्रो गाउँसभाको सातौं अधिवेशनमा हामी उपस्थित भएका छौं । यस अवसरमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई जनमूखि बनाउन विभिन्न माध्यमबाट हामीलाई राय सुझाव प्रदान गर्नुहुने गाउँवासी, आमा, बुवा,

दाजुभाई तथा दिदीबहिनी, गाउँपालिकाका कर्मचारी लगायत सम्वद्ध सबैलाई हार्दिक आभार प्रकट गर्दछु ।

## उपस्थित गाउँसभा सदस्यज्यूहरु,

नेपाली जनताको लोकतन्त्र, समानता र सामाजिक विकासको चाहना अनुरुप पटक-पटक भएका विभिन्न आन्दोलन तथा विद्रोहको परिमाणस्वरुप लोकतान्त्रिक मुल्य एवम् मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको रुपान्तरण हुँदै आएको छ । आम नेपालीहरुको संङ्घीयता र स्वशासनको चाहनालाई संविधान सभाबाट प्रत्याभुत गरिएको छ । राज्य प्रणालीमा भएको रुपान्तरणसँगै मुलुक एकात्मक ढाँचाको शासकीय व्यवस्थाबाट संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरेको छ ।

हामी नागरिकहरुको आकाङ्क्षा र गाउँको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयन गर्ने गरी यो नीति तथा कार्यक्रमलाई केन्द्रित गर्ने प्रयत्न गरिएको छ । नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल र साझा अधिकार कार्यान्वयनका लागि आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका तथा मापदण्डहरु निर्माण गर्दै नागरिकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु आजको आवश्यकता रहेको छ ।

स्थानीय सरकारको प्रमुख र महत्वपूर्ण वित्तीय स्रोतको रुपमा सङ्घीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने वित्तीय हस्तान्तरण रहेको छ । यद्यपी, वित्तीय हस्तान्तरणको खुम्चदो आकार तथा पूर्व सुनिश्चित हुनुपर्ने वित्तीय समानीकरण अनुदानको हिस्सा समेत संघ र प्रदेशबाट घटेर प्राप्त हुँदा स्थानीय तहको बजेट प्रणालीको सन्तुलन समेत बिग्रने अवस्था बढेर गएको छ। यसले वित्तीय सङ्घीयतामा चुनौती थपेको छ ।

तथापि, हामीलाई प्राप्त सीमित स्रोत साधनलाई जन अपेक्षा अनुरुप प्राथमिकताप्राप्त तथा तुलनात्मक लाभका क्षेत्रहरुमा नतिजामुखी योजना तथा कार्यक्रमहरु सञ्चालन हुने गरी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

यस नीति तथा कार्यक्रम तयार गर्दा मैले मुख्य आधारको रुपमा निम्न दस्तावेजहरुलाई आधार मानेको छु ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
- संघ,प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्वन्ध) ऐन, २०७७
- कोशी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०
- कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)
- नेपालको १६ औं पञ्चबर्षीय योजना
- दिगो विकास लक्ष्यहरु
- राष्ट्रिय जनगणना तथ्याङ्क २०७८

**गाउँसभा सदस्यज्यूहरु,**

अब म यस सहिदभूमि गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ महिनासम्म हासिल गरेको मूख्य मूख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास**

**कृषि**

- पचास प्रतिशत मुल्य छुट अनुदानमा १३ वटा कृषक समूहहरुलाई ७ हर्ष पावरको १३ थान मिनिटिलर वितरण, पचास प्रतिशत मुल्य छुट अनुदानमा तरकारी बाली संरक्षणका लागि ३१ वटा कृषक समूह/कृषि सहकारी/फर्महरुलाई ९४ थान ईलेक्ट्रिक स्प्रेयर वितरण गरिएको छ।
- पचास प्रतिशत मुल्य छुट अनुदानमा ३२ वटा कृषक समूह/ कृषि सहकारी/फर्महरुलाई ६६६ प्याकेट गोलभेडाको विउ र खुर्सानीको विउ वितरण गरिएको छ।
- केरा खेती प्रवर्द्धन अन्तर्गत पचास प्रतिशत मुल्य छुट अनुदानमा १९ वटा कृषक समूह/ कृषि सहकारी/फर्महरुलाई २३५० उन्नत (G-9) जातको केराको विरुवा वितरण गरिएको छ।
- आकस्मिक फौजी किरा नियन्त्रणका लागि ८३३१ प्याकेट निशुल्क किटनाशक विषादी सबै वडाहरुमा वितरण गरिएको छ।
- मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत पचास प्रतिशत मुल्य छुट अनुदानमा १६ वटा कृषक समूह/कृषि सहकारी/फर्महरुलाई ५० थान आधुनिक मौरी घारहरु वितरण गरिएको छ।
- पचास प्रतिशत मुल्य छुट अनुदानमा गोलभेडा बाली रोग नियन्त्रणका लागि ३० वटा कृषक समूह/ कृषि सहकारी/ फर्महरुलाई १०३० के. जी. ढुशिनाशक विषादी वितरण गरिएको छ ।
- गाउँपालिका स्तरीय निशुल्क माटो परीक्षण शिविर कार्यक्रम अन्तर्गत माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सहिदभूमि गाउँ कार्यपालिकाको कार्यालयको समन्वयमा माटो

परीक्षण शिविर कार्यक्रममा १०० वटा माटोको नमूना विश्लेषण गरिएको छ ।

## पशुपन्छी विकास

- १७९ घरधुरी किसानलाई हिउदे जै घाँस विउ वितरण गरिएको छ ।
- सवै वडाका ४४५ घरधुरीका ५८४ कुकुर र ३५५ विरालोलाई रेविज विरुद्धको खोप सञ्चालन गरिएको छ ।
- एकिकृत पशु स्वास्थ्य घुम्ती शिविर कार्यक्रमबाट ६४९ घरधुरीले आषधी र उपचार सेवा पाएका छन् ।
- पशु सेवा केन्द्र, थलथलेबाट नियमित रुपमा पशुपन्छीका लागि अत्यावश्यक औषधी वितरण तथा उपचार भइरहेको छ । यस केन्द्रबाट हालसम्म ६३७५ पशुपन्छीका लागि औषधी वितरण तथा उपचार भएको छ।
- व्यावसायिक फर्म प्रवर्द्धन कार्यक्रम अन्तर्गत ६० वटा बाख्रा गोठ निर्माण कार्य अन्तिम चरणमा रहेको छ। साथै ८ ओटा बाख्रा गोठ निर्माण कार्य सम्पन्न भइसकेको छ ।

## सामाजिक विकास

स्वास्थ्य

- एकीकृत घुम्ति स्वास्थ्य शिविर सञ्चालन र निशुल्क औषधी खरिद गरी सबै स्वास्थ्य संस्थामा वितरण गरिएको छ ।
- उपाध्यक्षसँग गर्भवती र सुत्केरी पोषण तथा सुत्केरी प्रोत्साहन कार्यक्रम, नियमित खोप सुदृढिकरण, पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम सञ्चालन गरिएका छन् ।
- ECG मेसिन खरिद, माईक्रोस्कोप खरिद, Lab व्यवस्थापन सामग्रि खरिद गरी सञ्चालनमा ल्याइएको छ।

- स्वास्थ्य संस्था व्यवस्थापनको लागि फर्निचर खरिद गरिएको छ।
- राष्ट्रिय भिटामिन ए, जुकाको औषधी तथा बालभिटा वितरण अभियान सञ्चालन गरिएको छ।
- HMIS/DHIS सम्बन्धी परिमार्जित Tools बारे तीन दिने तालिम सञ्चालन गरिएको छ।
- क्यान्सर, मृगौला प्रत्यारोपण, मेरुदण्ड पक्षघात तथा दिर्घ रोगी बिरामीहरुलाई औषधी उपचार वापतको खर्च रकम वितरण, समुदायमा क्षयरोग सम्बन्धी अभिमुखीकरण तथा घरदैलो क्षयरोगी सम्पर्क परीक्षण कार्यक्रम सञ्चालन गरिएको छ।
- HPV खोप अभियान तथा नियमित खोपमा सुरुवातको लागि कार्यक्रम सञ्चालन गरिएको छ।
- जेष्ठ नागरिक, पूर्ण अपाङ्गता, गर्भवती तथा सुत्केरी महिलालाई एकतर्फी एम्बुलेन्स, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा यातायात खर्च वितरण गरिएको छ।
- बरबोटे र च्याब्रुङ्गमा खोप केन्द्रमा शौचालय निर्माण गरिएको छ।

**आयुर्वेद** :

यस गाउँपालिकाको छिन्ताङ्ग आयुर्वेद औषधालयमार्फत निम्न कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

- आयुर्वेद औषधी खरिद, विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, नागरिक आरोग्य कार्यक्रम, निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर, जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम र स्तनपान गराउने आमाहरुका लागि दुग्धबर्द्धक जडिबुटीजन्य औषधी

वितरण कार्यक्रम र पञ्चकर्म/पूर्वकर्म कार्यक्रम सम्पन्न भएका छन् ।

## शिक्षा

- अङ्ग्रेजी, गणित र विज्ञान विषयको विषयगत क्षमता विकास लगायतका क्षमता विकास कार्यक्रम सम्पन्न गरिएका छन्।
- अपाङ्गताको समयमै पहिचान गरी अनुकूल शिक्षण रणनीति अवलम्बन गर्ने उद्देश्यले बालबिकास देखि कक्षा ३ सम्मका विद्यार्थीको अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम सम्पन्न गरिएको छ।
- विद्यार्थीको न्यूनतम सिकाइ उपलव्धी सुनिश्चित गर्न कक्षा ३ देखि कक्षा ८ सम्म ReAL Plan कार्यक्रम सम्पन्न भएका छन्।
- दक्ष र अनुभवी मेन्टर शिक्षकको सहयोगमा नवप्रवेशी शिक्षकहरूको शिक्षण कौशल र शिक्षण सिकाइ प्रतिको आत्मबल वृद्धि गर्न शिक्षक मेन्टरिङ पद्धति कार्यान्वयन गरिएको छ।
- कक्षा १-३ को निरन्तर मूल्याङ्कन प्रणालीका लागि सहजीकरण गर्न कार्यसञ्चयिका छपाई तथा वितरण गरिएको छ।
- शिक्षक/कर्मचारीहरूको मासिक तलब भत्ता निकासा गर्ने व्यवस्था गरिएको छ।
- कक्षा १-३ को भाषिक सीप, पढाइ तथा गणित क्षेत्रको सिकाइ सुदृढीकरणका लागि थप सिकाइ सामग्री छपाई तथा वितरण कार्य सम्पन्न गरिएको छ।
- अति आवश्यक भएका विद्यालयहरूका लागि भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा घेराबारा गरिएको छ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान, अन्तर्राष्ट्रिय महिला/ नारी दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम सञ्चालन गरिएका छन् ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, कुरीतिविरुद्ध कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।
- प्रजनन् स्वास्थ्य तथा पोषण, महिला समूहहरुको लागि सीप विकास र बाल क्लवहरुका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ ।
- बाल विकासका बालबालिकाहरुको लागि सामग्री वितरण कार्यक्रम गरिएको छ ।
- स्वास्थ्य उपचार सहयोग र सहयोगी सामग्री सहयोग कार्यक्रम सञ्चालन गरिएको छ ।
- मिलीजुली समूहको बैठक, मिलीजुली समूहको लागि बचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम सञ्चालन गरिएको छ।

## उद्यम विकास

- नयाँ उद्यमी सृजनातर्फ ६ वटा चरणको कार्यक्रम रहेको छन् । त्यस चरण मध्ये सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम, पि.आर.ए, समूह गठन, उद्यमशिलता विकास तालिम, सीप विकास तालिम गरी ४ वटा चरणहरु सम्पन्न भएका छन् । लघु वित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच, वस्तु र सेवा बजारीकरण तथा व्यवसाय परामर्श कार्यक्रम सञ्चालन हुन बाँकी रहेका छन् ।
- स्तरोन्नतितर्फ ३ वटा कार्यक्रममध्ये २ वटा कार्यक्रम सम्पन्न भएका छन्।

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

- चालु आर्थिक वर्ष २०८१/८२ मा सूचिकृत बेरोजगारीको संख्या जम्मा १७८१ जना मध्येबाट ८१ जनालाई १०० दिनको रोजगारी प्रदान गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सशर्त अनुदान तर्फ र गाउँपालिकाको साझेदारीमा सञ्चालित आयोजना गरी जम्मा २१ वटा आयोजना सबै सम्पन्न भएका छन् ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सशर्त अनुदान तर्फका ४ वटा कार्यक्रम सम्पन्न भएका छन् ।

**सहकारी**

- सहकारी शाखा अन्तर्गत सञ्चालित जम्मा ३ वटा कार्यक्रमहरु मध्ये सबै कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- सहकारी संस्थाहरुलाई आधारभूत व्यवस्थापन तालिम, सहकारी संस्थाहरुसँग अभिमूखिकरण कार्यक्रम र सहकारी संस्थाहरुसँग अन्तरक्रिया तथा अनुगमन कार्यक्रम सञ्चालन गरिएको छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

- प्रथम त्रैमासिकमा २३२३ जना, दोस्रो त्रैमासिकमा २३५३ जना र तेश्रो त्रैमासिकमा २३५२ जनालाई कुल जम्मा ७ करोड ८६ लाख ६ सय चौरहत्तर रुपैंया सामाजिक सुरक्षा भत्ता वापत रकम वितरण गरिएको छ ।

**व्यक्तिगत घटना**

- जन्मदर्ता ३४१, मृत्यू दर्ता ८९, सम्वन्ध विच्छेद दर्ता ४४, बसाईसराई गरी आएको परिवार संख्या ११, बसाईसराई गएको परिवार संख्या ३६, विवाह दर्ता ११३ रहेको छ ।

## पूर्वाधार विकास

- चालु आर्थिक वर्ष २०८१।०८२ मा **गाउँ सभा सदस्य विकास कार्यक्रम** अन्तर्गत ३८ वटा आयोजनाहरु सम्झौता भएकोमा १८ वटा सम्पन्न भएको र २० वटा बाँकी आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।
- त्यस्तै, **गाउँ सभा सदस्य विकास कार्यक्रम अन्तर्गतको फुसको छानो हटाइ टिनको छानो लगाउने कार्यक्रममा** जम्मा १९ जना छनौट भएकोमा १८ जना लाभग्राहीको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- साना सिँचाइ कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष मा ४ वटा आयोजनाहरु सञ्चालन भएकोमा ३ वटा सिँचाई पूर्वाधारको काम सम्पन्न भएको तथा बाँकी १ वटा आयोजना सम्पन्न हुने चरणमा रहेका छन ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ८३ मध्ये ५३ वटाको कार्य सम्पन्न भएको र बाँकी निर्माण चरणमा रहेको छ ।
- यस गाउँपालिकाको चालु आर्थिक वर्षमा **सहिदभूमि गाउँपालिकाका अन्य सडक, सिढी तथा पदमार्ग निर्माण आयोजना** अन्तर्गत विनियोजन भएका ९ वटा कार्यक्रमहरु मध्ये ६ वटा सम्पन्न भएका छन् । बाँकी आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।
- त्यस्तै, **सडक पूर्वाधार, भवन तथा शहरी विकास र खानेपानी शीर्षकमा विनियोजन** भएका ५७ आयोजनाहरु मध्ये ४५ वटा आयोजनाहरु सम्पन्न भएका छन् । र बाँकी रहेका १२ वटा आयोजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छन् ।

- छिन्ताङ्ग कागुने स्वास्थ्य चौकीको भवन निर्माणको भौतिक प्रगति ५० प्रतिशत सम्पन्न भएको छ ।
- पञ्चकृष्ण माध्यमिक विद्यालयको नमुना विद्यालय भवन निर्माण कार्यको भौतिक प्रगति ६० प्रतिशत भएको छ ।
- सुकेआहाल माम्फिङ्ग माम्तिन सडक  करिव १ किलोमिटर कलोपत्रे भएको छ।
- थलथले चाम्चा कालोपत्रे सडक (पहिलो फेज) ५२ प्रतिशत, थलथले चाम्चा कालोपत्रे सडक (दोस्रो फेज) ४७ प्रतिशत कार्यसम्पन्न भएको छ ।
- थलथले चाम्चा सडक ५५ प्रतिशत, पन्चकन्या- सेतीचोक सफाइधाप सडक ७५ प्रतिशत, सुकेआहाल- पोक्ला हाङखा थलथले सडक ६५ प्रतिशत कार्यसम्पन्न भएको छ । उक्त सडकहरु हाल निर्माणाधिन अवस्थामा रहेका छन् ।

## न्यायिक समिति

- २८ जना मेलमिलापकर्ताहरुलाई सुचिकृत मेलमिलापकर्ताको रुपमा दर्ता गरिएको छ । दुई सय जना विद्यार्थीलाई न्यायिक सचेतना कार्यक्रम  सञ्चालन गरिएको छ ।
- चालु आर्थिक वर्ष २०८१/८२ मा जम्मा दुई वटा विवाद तथा मुद्दा दर्ता भएको, एक वटा मुद्दाको जिम्मेवारी सरी आएको, दुई वटा मुद्दाको मिलापत्र भएको र एक वटा मुद्दा सुनुवाई तथा मेलमिलापबाट टुङ्गो लगाइएको छ ।

## कानून निर्माण

- यस गाउँपालिकाको गाउँ सभाले हालसम्म १७ वटा ऐनहरु तथा गाउँ सभा सञ्चालन नियमावली निर्माण गरेको छ ।त्यस्तै, यस गाउँपालिकामा हालसम्म नियमावली ६ वटा, कार्यविधिहरु

३६ वटा, निर्देशिका ४ वटा, मापदण्ड ४ वटा आचारसंहिता १ वटा गरी जम्मा ६८ वटा कानून निर्माण गरिएको छ ।

**विपन्नसँग अध्यक्ष कार्यक्रम**

- यस गाउँपालिकामा रहेका विपन्न व्यक्ति तथा समूदायको विपन्नता कम गर्दै उनीहरुको क्षमता विकास, उद्यमशिलता तथा स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिएको छ ।
- विपन्नसँग अध्यक्ष कार्यक्रमअन्तर्गत कुक तालिम, इलेक्ट्रीसियन तालिम सञ्चालनमा रहेको छन् ।

**राजश्व शाखा**

- २०८२ साल जेठ मसान्तसम्म संकलित राजस्व ४५ लाख दुई हजार सन्ताउन्न रुपैंया रहेको छ ।
- यस आर्थिक वर्षमा बाह्र वटा व्यवसाय दर्ता गरिएको छ र बैसठ्ठी वटा व्यवसाय नविकरण गरिएको छ ।

**गाउँसभा सदस्य ज्यूहरू,**

अव म आगामी आर्थिक वर्ष २०८२/०८३ मा समावेश हुने मुख्य मुख्य कार्यक्रमहरु प्रस्ताव गर्न चाहन्छु ।

- आर्थिक वर्ष २०८२/०८३ मा गाउँ सभा सदस्य कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- विपन्नसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- आर्थिक सवालीकरणका लागि कृषक आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिनेछ ।

- भौतिक पूर्वाधार, कृषि, सूचना प्रविधि लगायत अन्य पूर्वाधार र नीतिगत संरचना निर्माणलाई उच्च प्राथमिकता दिइ दिगो विकासमा जोड दिइनेछ ।
- स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन लगायतका भौतिक संरचनाहरुको निर्माण र प्रवलीकरणमा जोड दिइनेछ ।
- रोजगारीको सिर्जना हुने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- विषयगत शाखातर्फ सन्तुलित ढङ्गले बजेट विनियोजन गरिनेछ ।
- ह्युमन प्राक्टिकस फाउण्डेसन (HPF) सँगको सहकार्यमा विद्यालय पूर्वाधार निर्माण कार्यक्रमलाई विस्तार गरिनेछ ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरु,**

यस सम्मानित गाउँ सभामा " **सहिदभूमिको समृद्धिः शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि**" भन्ने मुख्य उद्देश्यसहित म समग्र सहिदभूमि गाउँपालिको क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## १. अवलम्बन गरिएका मूल नीतिहरु :

- गाउँपालिकाबाट सञ्चालन हुने ठूला आयोजनाहरु २०८२ साल कार्तिक मसान्त सम्ममा सम्झौता गर्ने गरी खरिद प्रकृया अगाडि बढाइनेछ ।
- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- नेपालको १६ औ पञ्चबर्षीय योजनाको "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच कार्यान्वयन गर्न सहयोग पुग्ने गरी तथा दिगो विकास लक्ष्यहरुको स्थानीयकरणलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरु छनौट गरिनेछ ।

- यस गाउँपालिकाको गौरवका आयोजनालाई निरन्तरता दिँदै त्यस्ता गौरवका आयोजनाहरु क्रमशः प्रदेश सरकार र सङ्घीय सरकारको सहकार्यमा सञ्चालन गर्दै लगिनेछ ।
- गरिबी निवारणमा टेवा पुऱ्याउने योजनाहरुलाई कार्यक्रममा समावेश गरिनेछ ।
- गाउँपालिकाको स्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा सङ्घीय सरकारसँग माग गर्ने नीति लिइएको छ ।
- बजेट तर्जूमा गर्दा विषय क्षेत्रगत बजेट सीमा निर्धारण गरी सोही बमोजिम योजना छनौट गर्ने नीति लिइएको छ ।
- गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको खरिद योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।साथै सञ्चालित योजनाहरु आषाढ १५ गते सम्म सम्पन्न गर्न प्रोत्साहित गरी आषाढ महिनामा पूर्वाधार निर्माणतर्फका योजनाहरुको सञ्चालन गर्न निरुत्साहित गरिनेछ ।
- सहिदभूमि गाउँपालिकाको विकास तथा निर्माणमा मुख्य पूर्वाधार विकासको रुपमा रहेको अधुरा भवन तथा सडकहरु निर्माण र सो सडकमा रहेका कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई क्रमशः सम्पन्न गर्दै लगिनेछ ।
- कार्यक्रम छनौटका क्रममा रोजगारीको सृजना हुने तथा चाँडो प्रतिफल प्राप्त हुने योजनालाई प्राथमिकता प्रदान गरिनेछ ।
- योजना छनौट एवम् कार्यन्वयन गर्दा दिगो बिकासको लक्ष्यलाई समेत ध्यान दिइनेछ ।
- लाभहरुको समन्यायिक वितरण मार्फत सामाजिक न्याय कायम हुने गरी विनियोजनमा जोड दिइनेछ ।

- ➢ उद्यमशिलता मैत्री शिक्षाको नीति अपनाई श्रम क्षेत्रमा रहेको सिपयुक्त श्रम शक्तिका अभाव र सीपहिन श्रमशक्ति जगेडा रहने व्यवस्थाको अन्त्य गर्ने नीति लिईनेछ

## आर्थिक विकास नीति

## कृषि विकास :

- "हेल्लो कृषि सेवा" कार्यक्रम मार्फत कृषकहरुको घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- निर्वाहमुखि कृषिलाई आधुनिक र व्यवसायिक बनाउदै कृषिमा यान्त्रीकिकरण तथा विशिष्टिकरण गरिनेछ ।कृषिमा यूवालाई आकर्षित गर्न भूमि, कृषि, बिमा, खरिद सम्झौता र बजारको बलियो इकोसिस्टम कायम गरिनेछ । कृषि क्षेत्रका जुनसुकै विधामा उद्यम गर्न चाहनेलाई यस प्रणालीमा आबद्ध गरी पाइलट प्रोजेक्ट सुरु गरिनेछ।
- स्थलगत रुपमा बाली उपचार(Plant Clinic) शिविर कार्यक्रम सञ्चालन गरी फिल्डस्तरमा कृषकको बाली रोग निदान गरिनेछ ।
- गाउँपालिका स्तरीय निःशुल्क माटो शिविर सञ्चालनमार्फत माटो अनुसारको कृषि बालिमार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।
- खोकु स्थानीय जातको सुन्तलाको ब्रान्डिङ्ग (Branding) तथा बजारिकरण गरिनेछ ।
- रासायनिक विषादीको प्रयोगलाई न्यूनिकरण गरी जैविक तथा प्रङ्गारिक मलको प्रयोगलाई बढावा दिईनेछ ।
- कृषकहरुको मागको आधारमा हावापानी सुहाउँदो कृषि यान्त्रिकरण, वीउ विजनमा ५० प्रतिशत लागत साझेदारीमा अनुदान दिईनेछ ।
- वैज्ञानिक भू–उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साथै सङ्घीय सरकारले

निर्माण गर्ने भू–उपयोग नीतिको अवलम्बन गर्दै स्थानीय अवस्था अनुरुपको नीति बनाइनेछ ।

- सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- हालको निर्वाहमुखि कृषि प्रणालीलाई व्यावसायिकरण गर्न प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवम् बीउ बिजन एवम् यन्त्र उपकरण आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गर्न क्रमशः वजेटको व्यवस्था गर्दै लागिनेछ ।
- स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गको लागि मागमा आधारित तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।
- कृषि, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्नुका साथै विषयगत कार्यालयहरुबाट आवश्यक अनुदानका लागि पहल गरिनेछ ।
- गाउँपालिकाको पहिचानमा रहेको सुन्तला, एभोकाडो, आँप, लिचि, टिम्मुर, तेजपात, कफी, सजिवन (मोरिङ्गा) अम्लिसो, अदुवा, अकवरे, रुद्राक्ष जस्ता जडिवुटिको पहिचान गरी उत्पादकत्वमा बृद्धि गर्ने र यस्ता बस्तुहरुको प्रशोधन गर्ने उद्योगहरु खोल्नका लागि प्रोत्साहन दिने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिकाको जमिनको नक्साङ्कन गरी पकेट क्षेत्र तयार गरी एक पकेट–एक उत्पादनको कार्यक्रम लागु गरीनेछ ।
- उत्कृष्ट कृषि व्यवसायी, सहकारी र समुहलाई प्रोत्साहन गरिनेछ ।
- सुख्खा जमिनमा सामूहिक सिंचाईका लागि प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषि मेला तथा प्रदर्शनीलाई प्रोत्साहित गरिनेछ, सञ्चालित स्थानीय हाटबजारलाई कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ ।

- गाउँपालिकास्थित कृषक समूहहरु दर्ता गर्न प्रोत्साहित गरी समूह कार्यको प्रभावकारी अनुगमन गरिनेछ ।
- कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरिने नीति लिइनेछ । साथै कृषि उपजको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

## पशुपन्छी विकास

- "हेल्लो पशुसेवा" कार्यक्रममार्फत कृषक घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यावसायिक पशुपालन व्यवसायमा र किसानहरुको आर्थिक अवस्था सवलिकरणमा जोड दिइनेछ ।
- गाउँपालिकाबाट टाढा रहेका व्यवसायिक पशुपालक कृषकहरुलाई स्थलगतरुपमा सेवा पूऱ्याउने उद्देश्यले गाउँपालिकाका ७ वटै वडामा एकीकृत पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- युवा लक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरी मासु तथा दुग्ध पदार्थमा आत्मनिर्भर बनाउन अनुदानको व्यवस्था गरिनेछ ।
- परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नश्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासवाट कृषकमा आयआर्जन गरी आम्दानी बढाउन विभिन्न साझेदार संस्थाको सहभागितामा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- चिस्यान केन्द्रहरु स्थापना गरी दुध तथा दुग्ध पदार्थको बजार सुनिश्चित गर्न गराउन साझेदारी कार्यक्रम गर्ने नीति लिइनेछ ।
- स्थानीय बजार व्यवस्थापन र मासु पसलका लागि बधशाला निर्माण गर्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

- पशुपन्छीपालनसम्बन्धी आवश्यक तालिमहरु सञ्चालन गरिनेछ । पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्ध खोप सेवा सञ्चालन गरिनेछ ।
- पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरिदै लगिनेछ ।
- पशुपन्क्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि वढाइनेछ ।
- गाई भैसीमा लाग्ने लम्पी स्किन रोग लगायतका पशुहरुमा लाग्ने सरुवा रोग नियन्त्रण गर्न निःशुल्क औषधी तथा खोप विस्तार गरिनेछ ।
- लागत साझेदारीमा पशु गोठ निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

## पर्यटन विकास

- गाउँपालिकाभित्र निर्माण गर्न सकिने पर्यटकीय क्षेत्रहरुको विकासका लागि आवश्यक गुरुयोजना निर्माण गरी निजी क्षेत्रको सहभागिताका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनलाई उच्च प्राथामिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरन्जन, हावापानी अनुकुलन आदि उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र विस्तार गर्न सकिने पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्दै पर्यटन पूर्वाधार विकासका लागि जलाधार, सिमसार, पानीका मूहान संरक्षण गर्ने कार्यक्रममा जोड दिइनेछ ।
- सहिदभूमि गाउँपालिकाको पहिचान दिने छिन्ताङ्ग देवी मन्दिरलाई व्यवस्थित गरिनेछ । घुमाउने डाँडा (नाउवारिखा) र पाताल डाँडालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सडक निर्माण गर्ने र भ्यूटावर

निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्न बजेट व्यवस्था गरिने छ । सहिदभूमिका महत्वपूर्ण पर्यटकीय स्थलहरुको सरसफाई र फोहोरमैला व्यवस्थापन गरी आकर्षक गन्तव्य बनाईनेछ ।

- खुवालुङ्ग र चेप्लुङ्ग पार्कलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ ।पर्यटकीय क्षेत्रका बस्तीहरुमा होमस्टे व्यवस्थापनका लागि स्थानीयबासीहरुलाई आवश्यक तालिम प्रदान गरी सामुदायिक होमस्टे सञ्चालनका लागि साझेदारीमा विउपूँजी प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।
- खुवालुङ्ग देखि चेपलुङ्ग सम्म र त्यसको दायाँ वायाँका गाउँ टोलसम्मको क्षेत्रको विकासको लागि पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिने नीति लिईनेछ ।
- गाउँपालिकाभित्र रहेका विभिन्न जलाधार क्षेत्र, लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास गर्न आवश्यक पर्यटकीय पूर्वाधार विकासमा जोड दिने नीति अबलम्बन गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

## उद्योग तथा वाणिज्य विकास :

- दर्ता नभई सञ्चालनमा रहेका उद्योग तथा व्यवसायहरुलाई दर्ताको दायरामा ल्याइनेछ ।
- स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने लघु, परम्परागत सिप र प्रविधीमा आधारित उद्योग, घरेलु तथा साना उद्योगहरुको सञ्चालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।
- सङ्घीय सरकारले अघि सारेको निजी क्षेत्रसंगको सहभागितामा औद्योगिक ग्राम स्थापना, साझा सुविधा केन्द्र, कोशेली घर सञ्चालनका लागि सहजिकरण गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा सञ्चालित घरेलु उद्योगहरुलाई आवश्यक सिप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरिने साथै सीप र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र स्थापना हुने, स्थानीय कच्चा पदार्थको प्रयोग हुने र स्थानीय २५ जना भन्दा बढी व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा अनुदान तथा राजश्व छुट तथा सहुलियत प्रदान गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाभित्र उद्योग, कलकारखाना, व्यवसाय सञ्चालन गर्नुअघि पूर्व प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव परीक्षण अनिवार्य रुपमा गरे पश्चातमात्र सञ्चालन अनुमति दिने नीति अवलम्बन गरिनेछ ।
- वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, औद्योगिक प्रदुषणजस्ता प्रदुषणजन्य प्रकृतिका उद्योगहरुको सञ्चालन गर्न निरुत्साहित गरिनेछ ।
- नवप्रर्वतन आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहन गर्न स्टार्टअप कर्जा कार्यक्रमका लागि आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

**श्रम तथा रोजगार**

- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरणमा जोड दिईनेछ ।
- बेरोजगार यूवाहरुलाई सिप र क्षमतामा आधारित रोजगारीका लागि प्रोत्साहित गरिनेछ ।
- स्थानीय श्रमशक्तिलाई प्रतिस्पर्धी बनाउँदै मर्यादित र उत्पादनशील रोजगारीमा संलग्न गराई आयआर्जन तथा जीविकोपार्जनमा योगदान पुऱ्याउनुको साथै स्थानीय अर्थतन्त्रलाई गतिशिल बनाई गरिबी र बेरोजगारी न्यूनीकरणमा जोड दिईनेछ ।

- वैदेशिक रोजगारीबाट फर्केका पीडितहरुका लागि मनोसामाजिक परामर्श सेवा कानूनी परामर्श लगायतका अन्य सेवाहरु सञ्चालन गरी पुनः एकीकरणमा जोड दिईनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धि गरिनेछ ।
- बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी निरुत्साहित गरिनेछ ।
- बालश्रम अन्त्य गर्न बालश्रम गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र सहकार्य गरिनेछ ।
- श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गरिनेछ ।
- महिला दिदीबहिनीहरुको सम्मान र सुरक्षाको प्रत्याभूति गर्दै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजिकरण गरिनेछ ।
- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गरिनेछ।
- श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गरिनेछ ।
- श्रम बजारको मागअनुरुप सीपयुक्त श्रमशक्तिको उत्पादन गर्न आवश्यक संस्थागत क्षमताको विकास गरिनेछ।

## सहकारी तथा वित्तीय क्षेत्र विकास

- स्थानीय श्रम सिप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई अर्थतन्त्रको एक सबल स्तम्भको रुपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासमा जोड दिइनेछ ।
- शिक्षा तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतनामा जोड दिइनेछ ।
- कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशिल बनाइने छ ।
- महिला, गरिव, सीमान्तकृत, अपाङ्ग, भूमिहिन तथा पिछडिएको वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जिवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिबृद्धि गरिनेछ ।
- सहकारी निर्दिष्ट मूल्य मान्यता र सिद्धान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्वन तथा नियमन मार्फत सहकारी क्षेत्रमा सुशासन कायम गरिनेछ ।
- सहकारीको दर्ता तथा अनुगमन गर्ने दायित्व गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका सवै सहकारीहरुको विवरण अद्यावधिक गर्ने र सहकारी ऐन तथा नियमावली अनुसार नियमन र अनुगमन कार्यलाई प्रभावकारी वनाउने नीति लिइनेछ ।
- एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिनेछ ।
- सहकारीलाई आवश्यक सिप, क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।
- बचत तथा ऋण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको नीति लिइनेछ।

- सहकारी संस्थाको सञ्चालन, नियमन र नियन्त्रण गर्नका लागि कोपोमिक्स प्रणाली अनिवार्य रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

## सामाजिक विकास नीति

### शिक्षा नीति

- आधारभूत शिक्षाको हक सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याइनेछ।
- विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई टिकाउ, सिकाउ र बिकाउ नीति अवलम्बन गरिनेछ।
- स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यपुस्तक लेखन तथा छपाइ गरी कक्षा १ देखि कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरूको हात- हातमा पाठ्यपुस्तक उपलब्ध गराइनेछ।पाठ्यपुस्तक लेखन तथा छपाइ कार्यका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- स्थानीय विषयको शिक्षण मार्फत स्थानीय धर्म, कला, सीप, पेशा व्यवसाय, संस्कृति तथा पहिचानको संरक्षण एवम् संम्वर्धन गरिनेछ।
- बहुभाषिक शिक्षण पद्धति अवलम्बन गरी बालबालिकाहरूको मातृभाषामा शिक्षण पाउने अधिकार सुनिश्चित गर्ने नीति लिइने छ।
- वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी शिक्षा मार्फत सृजनशिल, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति तयार गर्ने नीति अवलम्बन गरिनेछ।
- निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइने छ।
- सबै सामुदायिक विद्यालयहरूमा अपाङ्गमैत्री विद्यालय भवन, शौचालय लगायत भौतिक पुर्वाधार निर्माणमा जोड दिइनेछ।

- प्रविधिमैत्री विद्यालय शिक्षामा जोड दिने नीति लिइनेछ। माध्यमिक विद्यालयहरूलाई सूचना प्रविधिको प्रयोगबाट डिजिटल कक्षा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।
- बालबालिकाहरूको अन्तर्निहित प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ। अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा विकास गरिनेछ।
- गाउँपालिकामा शिक्षा क्षेत्रको सेवा प्रवाहको विभिन्न तहमा अनुगमन तथा मागमा आधारित पेशागत सहयोग प्रदान गर्दै शिक्षाको गुणस्तर वृद्धि गरिनेछ।
- शिक्षक तथा कर्मचारीहरूलाई क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ।
- गाउँपालिका, ह्यूमन प्राक्टिस फाउण्डेशन (HPF) र विद्यालयको साझेदारीमा विभिन्न विद्यालयहरूको भौतिक पूर्वाधार विस्तार गरिनेछ।
- शिक्षा सम्बन्धी आवश्यक कानुन निर्माण र मौजुदा कानुनमा समयानुकूल संशोधन गरी शैक्षिक गतिविधिहरू चुस्त, गुणात्मक र पद्धतियुक्त बनाइनेछ।
- उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- बालबालिकाहरूलाई विद्यालयमा नियमितताका लागि प्रोत्साहित गर्न न्यानो स्वीटर वितरण कार्यक्रम गरिनेछ।
- असल अभ्यासहरूको आदानप्रदान गर्ने उद्देश्यका लागि प्रध्यानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको अध्ययन अवलोकन भ्रमण गराइनेछ।

## खेलकुद तथा मनोरञ्जन

"राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद" भन्ने नाराका साथ खेलकुद क्षेत्रको विकासको लागि निम्न नीति लिइनेछ ।

- आधारभुत (कक्षा १-८) र मा.वि. तहका विद्यार्थीहरुमा उमेर समुहगत खेलकुद कार्यक्रम सञ्चालन गरी प्रतिभा छनौट गर्ने र छनौट भएका प्रतियोगी खेलाडीहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाहरुमा खेलकुद मैदानको व्यवस्थापन गर्दै गाउँपालिका स्तरीय एक व्यवस्थित खेल मैदान बनाउन सङ्घीय सरकार र प्रदेश सरकारको समन्वयमा निर्माण गर्ने नीति लिइनेछ ।
- खेलकुदको क्षेत्रमा प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ नागरिक उत्पादन गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन तथा स्थानीय खेलकुद क्लवहरुलाई प्रोत्साहन गर्न खेलकुद आयोजना तथा खेलकुद सामग्री वितरण गर्ने नीति लिइनेछ ।

## स्वास्थ्य

- छिन्ताङ्ग साम्बुगाउँ (कागुने) स्वास्थ्य चौकीको नयाँ भवन निर्माण सम्पन्न गरिनेछ ।
- सुरक्षित प्रसुतिका लागि यस गाउँपालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरलाई अझ व्यवस्थित एवम् विस्तार गर्दै लगिनेछ र सञ्चालनमा रहेका खोप केन्द्रहरुलाई व्यवस्थित गरिनेछ ।
- सरुवा रोगको संक्रमण न्यून गर्न सरकारी तथा निजी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थ्य शिविरहरु सञ्चालनलाई प्राथमिकता दिई विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

- वाल तथा मातृ शिशु सुरक्षा कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट प्राप्त योग्दानको उच्च कदर गर्दै महिला तथा स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरी परिचालन गरिनेछ । साथै निजहरु निवृत हुँदा आर्थिक सुविधासहित विदाई गरिने कार्यलाई निरन्तरता दिन स्वयंसेविका कोषलाई निरन्तता दिइनेछ ।
- सङ्घीय सरकारको नीतिअनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन साथै "सुरक्षित मातृत्वः सुनिश्चित जिवन" भन्ने कार्यक्रमलाई निरन्तरता दिई गाउँपालिकामा क्षेत्रमा रहेका गर्भवती र सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिई गाउँपालिका क्षेत्रमा रहेका गर्भवती र सुत्केरी महिलालाई पोषणयुक्त आहारा तथा नवजात शिशुलाई न्यानो कपडा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।
- विद्यालय तथा समुदायस्तरमा स्वास्थ्य तथा सरसफाईसम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्ने नीति लिइने छ। यस गाउँपालिकाको विपन्न घरपरिवारलाई साझेदारीको आधारमा स्वास्थ्य विमा कार्यक्रममा अनुदान तथा सहुलियतको व्यवस्था गरिनेछ ।
- स्वास्थ्यको पहुँचको लागि स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, सामुदायिक इकाई, गाउँघर क्लिनिकमार्फत स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रमा कार्यरत स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक यातायात खर्च उपलव्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

- मानसिक स्वास्थ्य र निरोगी समाजको लागि योग अभ्यास कार्यक्रम, लागु पदार्थ दुव्यर्सन, स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- पूर्ण खोपको सुनिश्चिततालाई दिगो बनाइनेछ ।
- विद्यालयमा किशोरीमैत्री विद्यालय कार्यक्रम सञ्चालन एवम् विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन नीति लिइनेछ ।
- सरकारबाट निःशुल्क रुपमा प्राप्त औषधीलाई निरन्तर आपूर्ति र वितरणको व्यवस्था मिलाइनेछ ।
- आयुर्वेद स्वास्थ्य उपचार पद्धतिलाई प्रोत्साहित गर्दै घरेलु तथा प्राथमिक उपचार विधिमा समुदायलाई सक्षम बनाई स्थानीयस्तरमा प्राप्त हुने जडिबुटीको पहिचान र प्रशोधनका लागि कार्यक्रम ल्याइनेछ ।
- संक्रामक रोगको पहिचान र आपतकालिन स्वास्थ्य सेवाको लागि आवश्यक औषधी उपचार, स्वास्थ्यकर्मीहरुलाई तालिम तथा स्वास्थ्य उपकारणको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिनेछ ।
- विपन्न तथा गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला र जेष्ठ नागरिकहरुलाई लक्षित क्यान्सर, मुटुरोग, स्पाइनल कर्ड इन्जुरी, मृगौला रोग, हेड इन्जुरी, पार्किन्सन रोग, अल्जाइमर्स र दीर्घरोगबाट पिडीतलाई अस्पतालसम्म पुऱ्याउनका लागि यातायात खर्चवापत रु ५०००।- (अक्षरेपी पाँच हजार रुपैंया ) पाउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिक,पूर्ण अपाङ्गता भएका व्यक्तिहरु तथा सुत्केरी महिलालाई एक पटकको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

## खानेपानी तथा सरसफाई

- **"जीवनका लागि स्वच्छ पानी"** भन्ने मुल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तार गर्न संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा योजना सञ्चालन गरिनेछ ।
- गाउँपालिकावासीलाई खानेपानीका स्रोत व्यवस्थापन, पाइप लाइन मर्मत, आयोजना निर्माण तथा सञ्चालनको लागि संङ्घीय सरकार र प्रदेश सरकारसँग बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्न बजार तथा ग्रामीण क्षेत्रको सरसफाईका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयवासीहरुको सहकार्यमा नीति निर्माण, कार्यक्रम सञ्चालन र समन्वय र सहकार्य गरिनेछ ।
- संकलित फोहोरमैलाको लागि ल्याडफिल्ड साईट व्यवस्थापन गरिनेछ । ल्याण्डफिल्ड साइट निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

## संस्कृति प्रवर्द्धन

- सहिदभूमि गाउँपालिकामा मातृभाषाका रुपमा बोलिने वान्तवा राई, छिन्ताङ्गे राई र छिलिङ्ग राई भाषाहरुलाई स्थानीय सरकारी कामकाजको भाषाको रुपमा विकासको लागि पहल गरिनेछ ।मातृभाषा प्रयोगकर्ताहरुलाई सहजिकरणका लागि मातृभाषी कर्मचारीहरलाई फोकल पर्सनको रुपमा तोकिनेछ ।
- आदिवासी जनजातीको परम्परागत ज्ञान, सिप, कला संस्कृतिको संरक्षण र रुपान्तरणको लागि नीति अवलम्वन र कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहिदभूमि गाउँपालिकाभित्र रहेका किँरात राई समुदायको परम्परागत मौलिक साँस्कृतिक घरको लगत तयार गरी संरक्षण एवम् प्रवर्द्धन गरिनेछ ।

- लोपोन्मुख भाषा, धर्म संस्कृतिको संरक्षण तथा धार्मिक क्षेत्रको प्रवर्द्धन र पूर्वाधार निर्माणमा सहयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाभित्र बसोवास गर्ने विभिन्न जातजातिहरुको भाषा, कला साहित्य संगित र सांस्कृतिक संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपिको अनुसन्धानात्मक कार्य सञ्चालन गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- गाउँपालिकाभित्रै लैङ्गिक तथा महिला विरुद्ध हुने सवै प्रकारका हिंसा विरुद्ध सुन्य सहनशिलताको नीति लिइनेछ,
- महिला, दलित, अल्पसंख्यक, पिछडिएका वर्ग र समुदायको क्षमता अभिबृद्धि गरिँदै लगिनेछ,
- भविष्यका कर्णधार र वर्तमानका हिस्सेदार बालबालिकाहरुको चौतर्फी विकास गरी यस गाउँपालिकालाई बालश्रममुक्त बनाइनेछ ।
- फुस्को छाना प्रतिस्थापन गरी जस्ताको छाना लगाउँदै जाने साथै सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आदिवासी, जनजाती, दलित, पिछडा वर्ग जस्ता पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- छुवाछुत, भेदभाव, कुरीति, कुसंस्कृति, अन्धविश्वास र सामाजिक विकृतिहरु हटाउने कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ र किशोरीहरुका लागि आत्मरक्षा तालिमलाई सञ्चालन गरिनेछ ।
- सिमान्तकृत र अतिसिमान्तकृत वर्गमा पर्ने परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवासहित विभिन्न सिप विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

महिला बालबालिका, अपाङ्गता भएका व्यक्ती, ज्येष्ठ नागरिक

- "**सुसंस्कार हाम्रो पहिचान वृद्ध : वृद्धालाई सम्मान**" भन्ने नाराका साथ जेष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण,स्वास्थ्य परामर्श, निःशुल्क उपचार शिविर, दिवा सेवा केन्द्र स्थापना, अनुभव तथा अभिलेखांकन जस्ता कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- जेष्ठ नागरिक केन्द्र स्थापना, जेष्ठ नागरिक प्रतिक्षालय निर्माण,जेष्ठ नागरिक भ्रमण, जेष्ठ नागरिक एकल महिला सम्मान, अन्तरक्रिया लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक एकल महिलाको सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाले अन्य संस्थाको सहकार्यमा जेष्ठ नागरिक, एकल महिला सम्मान गर्ने तथा ज्येष्ठ नागरिक केन्द्र स्थापना गर्ने नीति लिईनेछ । साथै जेष्ठ नागरिक प्रतिक्षालय (चौतारा) निर्माणमा निरन्तरता दिइनेछ ।
- वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडालाई बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा सञ्चालन गर्न जोड दिइनेछ ।
- वडा भेलामार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का वडास्तरीय तथा

गाउँपालिकास्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

- अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई सम्वोधन सहित निरन्तरता प्रदान गरिनेछ ।

## पूर्वाधार विकास नीति

## सडक तथा पुल

- पिप्ले लुघुङ्ग जि.सु. राईघाट ग्रामीण सडक, पञ्चकन्या कोग्लाङ्ग बस्ती सडक आयोजना, सुकेआहाल माम्फिङ्ग माङ्तिङ्ग सडक आयोजनाको स्तरोन्नती गरिनेछ ।
- सहिदभूमि गाउँपालिकाको गौरवको आयोजनाका रुपमा रहेको हिले छिन्ताङ्ग त्रिवेणी उदयपूर सडक, पञ्चकन्या सेतीचौक सफाइटार सडक, थलथले चाम्चा साप्टिङटार सडक, मुलघाट त्रिवेणी भोजपुर सडक, पिप्ले सन्देशचौक मङ्गसुवाटार र जि.सु. राइघाट सडकलाई सङ्घीय सरकार र प्रदेश सरकारमार्फत स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्यको लागि पहल गरिनेछ ।
- सङ्घीय प्रदेश तथा स्थानीय सरकारका माध्यमबाट सुकेआहाल माङ्गफिङ खोकु सडक, पन्चकन्या बेलटार भालुखोला सडक, सेतीचौक हाङ्गुवा संविधानसभा चौतारा सडक, सुकेआहाल माङ्गतिन पोक्ला हाङ्गखा सडक, साम्बुगाउँ गुराँसे पंचकन्या सडक, साम्बुगाउँ कागुने ललाहोङ ललाहानीटार सडक,पञ्चकन्या पाताल साम्बुगाउँ

सडक,थलथले माम्फिङ डिही बत्तीसे खोकु सडक लगायत अन्य महत्वपूर्ण सडक निर्माण मर्मत संम्भार तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

- विगतमा स्तरउन्नति भई सकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रेको लागि पहल गरिनेछ ।
- गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।
- कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने काम गरिनेछ ।
- विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिनेछ ।
- उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा विगतदेखिको लागत वा श्रम सहभागितालाई निरन्तरता दिइनेछ ।
- साना कल्भर्ट निर्माणको लागि गाउँपालिकाबाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिनेछ ।
- सहिदभूमि गाउँपालिकासँग जोडिएका छिमेकी गाउँपालिका, नगरपालिका र छिमेकी जिल्लासँग आवतजावत सहजताका लागि नदी तथा खोलामाथि प्रदेश सरकार र सङ्घीय सरकारसँगको अनुदानमा झोलुङ्गे पुलको निर्माणको लागि पहल गरिनेछ । आवश्यकताको आधारमा स्थल छनौट गरी प्रदेश सरकार तथा सङ्घीय सरकारमार्फत मोटरेबल (पक्की) पुल निर्माणका लागि योजना माग गरिनेछ ।

- आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवम् गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।
- तीन लाखभन्दा माथिका आयोजनाहरुको सञ्चालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (आयोजना सूचना पाटी) अनिवार्य राखुपर्ने नीति लागु गरिनेछ ।
- गाउँपालिकाका वडाहरुलाई जोड्ने प्रत्येक वडाका एक एक वडा सडकलाई मूल पूर्वाधार सडकका रुपमा राखी उपभोक्ताको साझेदारी समेतमा मर्मत सम्भार तथा स्तर उन्नती गर्दै कालोपत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगिक मैत्री, वातावरणमैत्री तथा जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।

## सिंचाई

- साना सिँचाई कार्यक्रम अन्तर्गत रैकर गुठि लजाने साना सिँचाइ आयोजना र डुम्वुरवोटे साना सिँचाई आयोजनाको निर्माण कार्य गरिनेछ ।

## भवन तथा ग्रामीण विकास

- गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिइनेछ ।

- गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अन्तर्गत अभिलेखिकरण कार्यलाइ निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।
- गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण,जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडि बढाइनेछ । जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।
- भूमि बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ
- दलित भुमिहिन, सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन, अध्यावधिक र जग्गा वितरणको सम्पूर्ण काम सम्पन्नको लागि जोड दिइनेछ ।
- अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरिरहेका अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी स्थानान्तरण गर्न एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ । साथै जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका तथा कार्यालय भवन निर्माण हुन बाँकी वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी प्रदेश तथा सङ्घीय सरकारसँग बजेट व्यवस्थाका लागि पहल गरिनेछ । साथै अन्य सामाजिक संघ संस्थाहरुको भवन निर्माणमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रिहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने

व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरीनेछ ।

- भौतिक संरचनाहरुलाई भुकम्प प्रतिरोधी र वातावरण मैत्री हुने गरी निर्माण गर्न निर्माण कार्यमा सम्लग्न ठेकेदार/मिस्त्रीहरुलाई आधारभूत तालिम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिने छ । साथै घर तथा भवन निर्माण ईजाजत दिदा तालिम प्राप्त गरी गाउँपालिकामा सूचिकृत भएका आधिकारिक ठेकदारको प्रमाण पत्र अनिवार्य सम्लग्न गर्ने नीति अवलम्बन गरिनेछ ।
- सरकारी, ऐलानी, पर्ती, खोला खोल्सीले ओगटेको जमिन संरक्षण गर्ने तथा नदी र जंगल किनाराको जमिन अतिक्रमण रोक्ने र वृक्षारोपण गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

## उर्जा, लघु तथा साना जलविद्युत

- सहिदभूमि गाउँपालिकामा संभावित स्थान तथा टारहरुमा सौर्य विद्युत उर्जा उत्पादनको लागि गैर सरकारी संस्था, प्रदेश सरकार र नेपाल विद्युत प्राधिकरणसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि पहल गरिनेछ ।

- विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्युत विस्तार हुन बाँकी ठाउँमा विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरणसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- मूख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा सडक बत्ति व्यवस्थापन गरिनेछ ।

**सञ्चार**

- गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको वेवसाइट तथा मोवाइल एपका माध्यमबाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- “जनतासँग जनप्रतिनिधि” कार्यक्रमलाई प्रभावकारी बनाउन सूचना र सञ्चार माध्यमको अधिकतम प्रयोग गरिने छ ।
- सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा निजी क्षेत्रसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालन गरिनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

- विपद्बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ग्रामीण क्षेत्र भएकाले गाउँवासीहरुको स्वास्थ्यमा ध्यान पुर्याउदै सौर्य उर्जा, गोबर ग्याँस, सुधारिएको चुलो, इन्डक्सन चुलोजस्ता

स्वच्छ उर्जाका प्रविधिहरु प्रयोग गरी धुँवामुक्त घर बनाउन वैकल्पिक उर्जाको प्रवर्द्धनमा जोड दिइने छ ।

- वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडिबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित ब्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।
- वन जंगलको संरक्षण र विस्तारका लागि वन समितिहरुलाई व्यवस्थित र सकृय बनाउने नीति अवलम्बन गर्दै गाउँपालिका भित्र सडक निर्माण गर्दा सडकका दुबै किनारामा उपयुक्त वृक्षारोपण गर्ने नीति लिइनेछ ।
- विपद् उद्धार र तत्काल सहायताका लागि गाउँपालिका तथा वडा स्तरमा सर्वदलीय प्रतिनिधित्व सहितको विपद व्यवस्थापन तथा उद्धार समिति र स्थानीय स्तरमा स्वयम्सेवी समूह तयार गरी परिचालन गरिनेछ ।
- स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा निजी स्वास्थ्य क्लिनिकहरुमा संक्रामक रोगको पहिचान र आपतकालीन स्वास्थ्य सेवाको लागि आवश्यक औषधी उपचारको व्यवस्था मिलाइनेछ । यसका लागि स्वस्थ्यकर्मीहरुलाई आवश्यक तालिम र स्वास्थ्य उपकरणका लागि आवश्क बजेट विनियोजन गरिनेछ ।
- विपद्बाट हुनसक्ने क्षति न्यूनीकरण गर्न तत्काल उद्धार, राहत र पूनर्स्थापनाका लागि आवश्यक जनशक्ति सामग्री र श्रोतको पहिचान र परिचालन गर्न ठोष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

- विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास नीति

- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासको लागि अन्य स्थानीय तहमा भएका असल अभ्यासहरुको अध्ययन गर्न **अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम** कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको लोगो तथा पालिका गान कार्यान्वयनमा ल्याइनेछ ।
- कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा तथा इकाईको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ र जनप्रतिनिधि र कर्मचारीबाट मुस्कानसहितको सेवा प्रवाह नीतिलाई अनिवार्य गरिनेछ ।
- अनुभवी, क्षमतावान र स्वयम् उत्प्रेरित कर्मचारी बनाउनका लागि तालिम तथा प्रशिक्षणमा जोड दिइनेछ ।पर्यटन काज तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन र पुरस्कृत गरिनेछ ।
- गाउँपालिकामा आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापनका लागि सम्बन्धित निकायहरुसँग पहल गर्ने र खुल्ला प्रतिस्पर्धाबाट करार र ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ ।योग्यता र क्षमताको आधारमा उत्कृष्टताको आधारमा पदस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- वडा कार्यालयहरुको आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।
- गाउँपालिकाबाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ ।

- विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप सम्भव भएसम्म सहिदभूमि वासीलाई घरदैलो सेवा तथा टोलटोलमा सेवा गर्नका लागि वडास्तरबाट सम्पादन हुने कामलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- वडा कार्यालय सञ्चालनको लागि निश्चित सिलिङ्गसहितको वजेट व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कामको आधारमा प्रोत्साहनस्वरुप कामको प्रकृतिको आधारमा स्थानीय तहको क्षमता अनुसार स्थानीय प्रोत्साहन भत्ता दिने नीति लिइनेछ ।
- गाउँपालिकाको विवरण दुरुस्त राख्न गाउँ प्रोफाइल तथा नेक्षनल डाटा प्रोफाइलको लागि गाउँपालिकाको तथ्यांक अध्यावधिक गरिदै लगिनेछ ।
- प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी बिचमा आपसी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रशासनिक खर्चमा मितव्ययिता र पारदर्शिता अपनाइनेछ ।
- यस गाउँपालिकाको कार्यालय वडा कार्यालयहरु सामुदायिक विद्यालय स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यायलहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी बनाइनेछ ।
- बढी कर संकलन गर्ने र तोकिएको समय सिमाभित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने वडालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयबाट उपलव्ध गराइने सेवा सुविधा र शर्तहरुको विस्तृत विवरण नागरिक वडापत्र ,सूचनाको हक सुनिश्चितताको लागि सेवा प्रवाहलाई सेवाग्राहिमैत्री बनाउने नीति अवलम्वन गरिनेछ ।

- गाउँपालिकाबाट सञ्चालित विकास निर्माण, सेवा प्रवाह लगायतका कार्यक्रमको नियमित अनुगमन, प्रगती समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाइ ,सामाजिक परीक्षण, सार्वजनिक परीक्षणमार्फत सुशासन, पारदर्शीता तथा जवाफदेहिता अभिवृद्धिमा जोड दिइनेछ ।
- न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अभिलेखहरुलाई व्यवस्थित बनाउन विद्युतीय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यान्वयनमा ल्याइनेछ ।
- वडास्तरीय मेलमिलाप समितिहरुको सक्रियता र क्षमता विकास, पुनर्ताजकीकरणका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- टोल विकास संस्थाको गठन, क्षमता, विकास तथा परिचालनमार्फत विकास निर्माण कार्यमा सहभागितामुलक विकास प्रणालीलाई जोड दिइनेछ ।
- गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र गुणस्तरीय रुपमा सम्पादन गरि सुशासन कायम गर्न श्रोत परिचालन गरिनेछ ।
- गाउँपालिकाले सेवा करारमा लिएका जनशक्ति, कृषी तथा पशु सेवामा कार्यरत कृषी स्नातक र एक गाँउ एक कृषी तथा पशु प्राविधिक तथा सेवा करारमा भएका जनशक्तिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा करार सेवामा कार्यरत रहेका कर्मचारीलाई सामाजिक सुरक्षा कोष प्रणालीमा आवद्धता गरिनेछ ।

## राजस्व नीति

### राजस्व परिचालन

- आर्थिक क्रियाकलापहरुमा आएको संकुचनसँगै स्थानीय तहको आन्तरिक आय अन्तर सरकारी वित्त हस्तान्तरण राजस्व बाँडफाँट तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यानमा राखी लचकतासहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिनेछ ।
- आन्तरिक आय तथा राजस्वलाई दिगो एवम् भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाई करको चुहावटलाई नियन्त्रण गरिनेछ ।
- गाँउपालिकाको राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन, कानुन र नियममा भएको व्यवस्थालाई अवलम्वन गरिनेछ ।
- दीगो स्रोत व्यवस्थापन गर्न नयाँ श्रोतको पहिचानका लागि संभाव्यता अध्ययन गरिनेछ ।
- करमैत्री वातावरण सिर्जना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघ संस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या वृद्धि गरिनेछ ।
- दोहोरो कर प्रणाली हटाई एकद्वार प्रणालीबाट कर राजस्व संकलन गर्ने नीति अवलम्वन गरिनेछ ।
- विकास र समृद्धि आफ्नै श्रोतले भन्ने आदर्श वाक्यका साथ राजस्व श्रोत र खर्च व्यवस्थापन गर्ने नीति, रणनीति र कार्यनीति तय गरिनेछ ।
- कानुन बाहेक कर राजश्व संकलन गरिने छैन ।
- राजस्व संकलनमा सुधार गर्न घुम्ती शिविर, व्यवसाय दर्ता, करदाताहरुको प्रणालीगत अभिलेख व्यवस्थापन, उद्यमी सम्मान, बढि कर तिर्ने करदाता सम्मानजस्ता कार्यक्रम संञ्चालन गरिनेछ ।

- करदाता सेवा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय लगायत अन्य उद्योग व्यवसाय सम्वन्धित संस्थासँगको समन्वय तथा सहकार्य र साझेदारीमा करदाता शिक्षा, व्यवसाय दर्ता नविकरण, सचेतना, अन्तर्किया लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

**दिगो विकास लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी नीति :**

बि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकास लक्ष्यहरु हाँसिल गर्न तथा दिगो विकासका सूचकहरु प्राप्तिका लागि यस गाउँपालिकाले तपसिल बमोजिमका नीतिहरु अवलम्बन गर्नेछ :

- गाउँपालिका क्षेत्रभित्र रहेको सबै प्रकारको गरिबी अन्त्य गरिनेछ ।
- भोकमरी अन्त्य गर्न, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गराउने तथा दिगो कृषि प्रवर्द्धन गरिनेछ ।
- आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित नीति, कानुन, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा लागू गरिनेछ।
- स्थानीय तहको सार्वजनिक सुविधाहरू (स्वास्थ्य चौकी तथा स्थानीय तहका अस्पतालहरू) को स्थापना निर्माण तथा व्यवस्थापन गर्ने, आकस्मिक स्वास्थ्य सेवा र त्यसका यातायातका सुविधाहरू उपलब्ध गराउने, आवश्यकताअनुसार बिरामीहरूलाई प्रादेशिक स्वास्थ्य सुविधा भएका ठाउँहरूमा सिफारिस गर्ने व्यवस्था मिलाइनेछ ।
- औषधी तथा स्वास्थ्य सामग्रीहरू स्थानीय तहमा खरिद, भण्डारण तथा वितरण गरिनेछ । निरोधात्मक स्वास्थ्य सेवा अभियान सञ्चालन गर्ने र स्थानीय तहका अन्य विस्तृत स्वास्थ्यसम्बन्धी

कार्यहरू तथा चुरोट रक्सी एवम् लागू पदार्थविरुद्ध जनचेतना प्रवर्द्धन गरिनेछ ।

- समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवन प्रर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गरिनेछ ।
- लैङ्गिक समानताका लागि आवश्यक व्यवस्था गरिनेछ, सबै महिला तथा बालबालिकालाई सशक्त बनाउन आवश्यक कार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा सबै नागरिकका लागि स्वच्छ खानेपानी र सरसफाईको सुचिश्चितता गरिनेछ ।
- दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सबैका लागि समावेशी तथा दिगो आर्थिक बृद्धि, रोजगारी तथा मर्यादित काम प्रवर्द्धन गर्नका लागि आवश्यक प्रवन्ध गरिनेछ ।
- शहरी पूर्वाधार, शहरी सुविधा तथा शहरी सेवाहरू जस्तै सार्वजनिक पार्क, हरियाली स्थलहरू, सहर बत्ती, फोहरमैला व्यवस्थापन एवम् यातायातसम्बन्धी पूर्वाधारहरूको व्यवस्थित विकाससम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् व्यवस्थापनसम्बन्धी कार्य गरिनेछ ।
- स्थानीय स्तरमा जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल आवश्यक नीति तथा योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

अन्त्यमा,

**सभा सदस्यज्यूहरु**

प्रस्तुत नीति तथा कार्यक्रमको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि हामी जनप्रतिनिधिहरुको प्रयासवाट मात्र सम्भव छैन । तसर्थ राजनीतिक दल, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, सम्पुर्ण संघ संस्था, नागरिक समाज र सम्पूर्ण

गाउँपालिकावासीहरुको सामुहिक प्रयासबाट मात्र सम्भव हुने भएकोले समग्र सहिदभूमि गाउँपालिकाको विकास गर्नका लागि तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्पूर्ण पक्षवाट आवश्यक सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

आर्थिक वर्ष २०८२/०८३ को प्रस्तुत नीति तथा कार्यक्रमबाट गाउँपालिकाको भौतिक पूर्वाधार विकास एवम् आर्थिक तथा सामाजिक विकासमा ठोस योगदान पुगी जनताको जीवनस्तरमा सुधार हुनेछ भन्ने विश्वास लिएको छु ।

साथै प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्न सल्लाह सुझाव प्रदान गर्नु हुने तथा सहयोग र सक्रियताका साथ लाग्नु हुने कार्यपालिकाका सदस्यज्यूहरु, कर्मचारीहरु, शिक्षक र समाजसेवीहरु सबैमा हार्दिक आभार प्रकट गर्दै हामीलाई यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन गरी उत्प्रेरित गर्नुहुने गाउँपालिकावासीहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबैबाट पूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, आफ्नो कार्य व्यस्तताको बावजुद पनि गाउँपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी दोस्रो गाउँसभाको सातौं अधिवेशनमा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

जय सहिदभूमि

ईति सम्वत् २०८२ साल असार ८ गते

नेपाल सम्वत् ११४५

**मनोज राई**

**अध्यक्ष**

**सहिदभूमि गाँउपालिका ,धनकुटा**